गरीबी निवारण कोष, बझाङ

# रेडियो कार्यक्रम प्रसारण प्रस्तावना माग गरिएको सूचना

## प्रकाशन मिति-२०७३/०१/२९

गरीबी निवारण कोष कार्यक्रम अन्तरगत बझाङ जिल्लामा सञ्चालन भएका गतिवधिहरु सर्वसाधारणहरुमा जानकारी गराउने उद्देश्यलेजीविकानामक **रेडियो कार्यक्रम** संचालन गर्नु पर्ने भएको हुदा जिल्लामा संचालित इच्छुक एफ.एम.रेडियोहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र(कार्यालय समयमा) देहाय बमोजिमका प्रकृया पुरा गरी शिलबन्दी प्रस्तावना पेश गर्न आव्हान गरिएको छ ।

- हरेक हप्तामा एक पटकका दरले जम्मा १ बर्षमा ५२ वटा कार्यक्रम प्रसारण गर्नु पर्ने छ ।
- कार्यक्रम एक भागको प्रशारण समयावधि जम्मा १५ मिनेटको हुनुपर्ने छ ।
- बेलुका ७.०० बजे देखि बेलुका ९.०० को बिचमा कार्यक्रम प्रशारण गर्नु पर्ने छ ।
- कार्यक्रम संयोजन गर्ने व्यक्तिको व्यक्तिगत बिवरण प्रस्तावनामा उल्लेख गरिएको हुनु पर्ने छ । संलग्न व्यक्तिको न्यूनतम शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र वा सो सरह हुनुपर्ने छ ।
- कार्यक्रम निर्माणकालागी आवश्यक उपकणहरु कार्यक्रम प्रसारणका लागी आवश्यक सम्पुर्ण समाचार सामग्रीहरु संकलन, बिश्लेषण, सम्पादन तथा प्रसारण कार्यहरु स्वयम प्रस्तावकले गर्नुपर्ने छ ।
- प्रत्यक कार्यक्रम प्रसारण गर्नु पूर्व यस कार्यक्रमलाई समाचार सामग्रीहरु बारे जानकारी गराई अनुमति पश्चात प्रशारण गर्नुपर्ने छ ।
- समाचार संकलन गर्दा गरिबी निवारण कोष कार्यक्रम अन्तंगतका साझेदारी संस्था,सामुदायिक संस्थाको सफलताको कथा,समाचार पत्र,जि.बि.स.,गा.बि.स.हरु,न.पा.मा गरिबी निवारण कोष कार्यक्रम संचालन सम्बन्धी क्रियाकलापहरुलाई समेटनु पर्ने छ ।
- प्रस्तावित बजेट रकम अंक र अअरमा उल्लेख गरी छुट्टै खाममा शिलबन्दी गरि पेश गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
- प्रस्तावना स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार गरिबी निवारण कोष,समन्वयन समिति बझाङ्को रहने छ । जि.बि.स मा मिति २०७३।०१।२९ गते देखि २०७३।०२।०४ गते सम्म दर्ता भएका प्रस्तावनाहरु जेष्ठ ५ गते दिनको १२.०० बजे जि.बि.स.(गरिबी निवारण कोष)को कार्यालयमा खोलिने छ ।
- यस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून बमोजिम हुने छ ।

आवश्यक संलग्न कागजातहरु :

१) रेडियोको ठेगाना तथा सामान्य परिचय
२) रेडियोको दर्ता प्रमाण पत्र
३) वार्षिक नविकरण कर चुक्ता प्रमाण पत्र
४) कवरेज क्षेत्र बढीमा कति र कम मा कति
५) कार्यक्रम सम्वन्धि अनुभव
६) मानव स्रोत साधनको संख्या
७) अवधारणा पत्र आर्थीक र प्राविधिक प्रस्तावना पत्र छोटकरीमा